# प्रधानमन्त्रीज्यूको अध्यक्षतामा काठमाडौं विश्वविद्यालय सभाको बैठक सम्पन्न

२०७४ असार २१ गते
धुलिखेल, काभ्रे ।

सम्माननीय प्रधानमन्त्री तथा कुलपति श्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा आज काठमाडौं विश्वविद्यालय सभाको ७६ औं बैठक सम्पन्न भयो । उपप्रधानमन्त्री तथा शिक्षामन्त्री एवं सहकुलपति श्री गोपालमान श्रेष्ठज्यूको समेत उपस्थिति रहेको आजको बैठकमा आर्थिक वर्ष २०७३-७४ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन गरियो भने आगामी आर्थिक वर्ष २०७४-७५ मा गर्नुपर्ने कार्यक्रमहरूका साथै बजेटसमेत पारित गरियो ।

सभाको बैठकले स्वास्थ्यविज्ञान कार्यक्रमको २ अर्ब ६४ करोड १३ लाख ४२ हजार रुपियाँ र अन्य कार्यक्रमहरूको १ अर्ब २७ करोड २० लाख गरी जम्मा ३ अर्ब ९१ करोड ३३ लाख ४२ हजार रुपियाँको बजेट पारित गरेको थियो ।

आजको बैठकले कार्यकारी परिषद्को सिफारिसअनुसार विश्वविद्यालय सभामा रिक्त रहेका सभासद्हरूमा प्राचार्यमध्येबाट डा. चन्दा कार्की, चन्दादातामध्येबाट राजेन्द्र खेतान र सञ्जीव राजभण्डारी, लब्धप्रतिष्ठित विद्वान्मध्येबाट रामेश्वर खनाल, डा. बालगोपाल वैद्य, डा. स्वर्णिम वाग्ले, डा. तीर्थबहादुर श्रेष्ठ र विद्याधर मल्लिक, उद्योगपतिमध्येबाट ज्ञानेन्द्रलाल प्रधान र शिक्षक प्रतिनिधिका रूपमा डा. धीरज गिरीलाई मनोनयन गरेको छ । बैठकले प्राज्ञिक परिषद्मा प्रा. डा. सुनीलकुमार शर्मा र प्रा. डा. अर्पणा न्यौपानेलाई तथा पुनरावेदन समितिमा विद्याधर मल्लिक, महादेवप्रसाद यादव र डा. धीरज गिरीलाई मनोनयन गरेको छ ।

सभाले आगामी आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गर्न एमबी श्रेष्ठ एन्ड कम्पनीलाई लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गर्दै पदक तथा विभूषणसम्बन्धी नियम र छात्रवृत्तिसम्बन्धी नियम पनि पारित गरेको छ ।

सभालाई सम्बोधन गर्ने क्रममा कुलपति तथा प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले काठमाडौं विश्वविद्यालय राष्ट्रिय समुदायको हितमा अघि बढ्नुपर्ने र विभिन्न व्यवस्था गरेर विपन्न वर्गका जेहेन्दार विद्यार्थीहरूको पहुँचमा पुग्न सक्नुपर्ने बताउँदै विश्वविद्यालयलाई विशुद्ध प्राज्ञिक निकाय बनाउनुपर्छ, अनावश्यक विवादमा तान्नु हुँदैन, बाह्य र राजनीतिक हस्तक्षेपबाट पूर्णतया मुक्त राख्नुपर्छ भन्नुभयो । उहाँले आफ्नो संरचनालाई युगानुकूल परिमार्जन गरी समय र समाजको आवश्यकताअनुसार कार्यक्रम विस्तार गर्न पनि निर्देशन दिनुभयो ।

उपप्रधानमन्त्री तथा शिक्षामन्त्री एवं सहकुलपति श्री गोपालमान श्रेष्ठज्यूले देशमा भएका स्रोत-साधनलाई जनताको हितमा अधिकतम उपयोग गराउन सक्ने किसिमका अनुसन्धानहरू गर्नुपर्ने र देशभित्रका समस्याहरूको समाधान गर्ने दिशामा विश्वविद्यालयका प्राज्ञिक व्यक्तित्व, क्रियाकलाप र अनुसन्धानहरू लक्षित हुनुपर्ने बताउनुभयो । उहाँले विदेशी विद्यार्थीहरूलाई यहाँ आकर्षित गर्न सक्नुपर्छ भन्दै काठमाडौं विश्वविद्यालयले हातमा सीप नभएका तर रोजगारीको खोजी गर्दै विदेशमा भौंतारिएका नेपाली युवाहरूलाई आफ्नै देशमा ल्याएर आर्थिक शक्तिमा रूपान्तरण गराउन सक्ने जनशक्तिको उत्पादन गराउनुपर्छ भन्नुभयो ।

सभामा स्वागत मन्तव्य व्यक्त गर्दै उपकुलपति प्रा. डा. रामकण्ठ माकजू श्रेष्ठले समुदायलाई उत्पादनशील र सिर्जनशील बनाउन विभिन्न शैक्षिक तथा प्राज्ञिक कार्यहरू भइरहेका, स्वदेशी तथा विदेशी सङ्घ-संस्थाहरूसँग सहकार्य भइरहेको, यहाँको जनशक्तिलाई अझ दक्ष बनाई वृत्ति विकास र व्यक्तित्व विकास गराउन सबै तहमा ‘स्टाफ मोबिलिटी’ का अवसरहरू दिन थालिएको र यहाँबाट प्राप्त हुने ज्ञान र सीप दुर्गम क्षेत्रका समुदायको हितमा उपयोग गराउन विभिन्न कार्यहरू भइरहेको जानकारी गराउनुभयो । उहाँले विपन्न वर्गका जेहेन्दार विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षामा पहुँच दिलाउन रजत महोत्सवको अवसर पारी ‘उपकुलपति रजत महोत्सव छात्रवृत्ति कोष’ खडा गरिएको जानकारी पनि दिनुभयो ।

श्री शेरबहादुर देउवा प्रधानमन्त्री र श्री गोपालमान श्रेष्ठ उपप्रधानमन्त्री तथा शिक्षामन्त्री बन्नुभएपछि काठमाडौं विश्वविद्यालयको कुलपति र सहकुलपतिका रूपमा सभामा उपस्थित हुनुभएको यो पहिलोपटक हो । यो सभा उपकुलपति पदमा प्रा. डा. रामकण्ठ माकजू श्रेष्ठ र रजिस्ट्रार पदमा प्रा. डा. भोला थापा दोस्रोपटक नियुक्त हुनुभएपछि र विश्वविद्यालयको रजत महोत्सव समापन भएपछि पहिलोपटक बसेको हो । यस सभामा करिब २० वर्षपछि पहिलोपटक धुलिखेल र बनेपा नगरपालिकाका नगरप्रमुखहरू सभासद्का रूपमा उपस्थित हुनुभएको थियो ।

**– हरि मञ्जुश्री**